# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या २ मिति २०८२ साल वैशाख १५ गते

## भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको सूचना

## बाल कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका (जोखिममा परेका असहाय, वेवारिसे हिंसा पीडित) तत्काल उद्धार, अस्थायी

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गर्नका लागि एक कोष स्थापना गर्न बाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विराटनगर महानगरपालिकाको नगर कार्यापालिकाले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम “बाल कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “प्रमुख” भन्नाले विराटनगर महानगरपालिकाको नगर प्रमुखलाई र उप-प्रमुख भन्नाले विराटनगर महानगरपालिकाको उपमुख भन्ने सम्झनु पर्दछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ख) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ग) “ऐन” भन्नाले संघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(घ) “निर्देशिका” भन्नाले विराटनगर महानगरपालिकाले बनाएको गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०८१ सम्झनु पर्छ ।

(ङ) “विशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले दफा ३ बमोजिमका बालबालिका सम्झनु पर्दछ ।

(च) “कोष” भन्नाले दफा ४ बमोजिमको बाल कोष सम्झनु पर्दछ ।

(छ) “समिति” भन्नाले दफा ५ बमोजिम गठित कोष सञ्चालन समिति सम्झनु पर्दछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ज) “कार्यविधि” भन्नाले बाल कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१ भन्ने सम्झनु पर्दछ ।

(झ) “महानगरपालिका” भन्नाले विराटनगर महानगरपालिका सम्झनु पर्दछ ।

३. <u>विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः</u> विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले,-

(क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका बालबालिका बुझ्नु पर्दछ,

(ख) महानगरपालिकाले विशेष संरक्षण आवश्यकता भएका बालबालिका भनि तोकि दिएका अन्य बालबालिका सम्झनु पर्नेछ ।

४. <u>बाल कोष</u> : (१) विशेष संरक्षणका आवश्यकता भएका बालबालिका जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको तत्काल उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापनाका लागि सहयोग गर्न स्थानीय स्तरमा एक बाल कोष रहनेछ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन:

(क) स्थानीय तहबाट वार्षिक रुपमा विनियोजित बजेट,

(ख) संघ-संस्थाबाट प्राप्त हुने सहायता,

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिका विरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम,

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(च) अन्य तोकिएका आम्दानी ।

५. <u>कोष सञ्चालन समिति</u> : (१) स्थानीय तहमा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालन समिति रहनेछ :-

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) लेखा प्रमुख | सदस्य |



विराटनगर महानगरपालिका स्थानीय राजपत्र

| | |
|---|---|
| (घ) नगर बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको १ जना महिला सदस्य | सदस्य |
| (ङ) बाल कल्याण अधिकारी | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

६. <u>बाल कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार</u> : बाल कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समितिका नाममा रहेको, बाल उद्धार कोषको नाममा रहेको सबै कोषको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागु गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने,

(ट) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने।

७. <u>बाल कोष सञ्चालन समितिको बैठक सम्बन्धी व्यवस्था</u> : समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छ :-

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौविस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ,

(घ) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले गर्नेछ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(छ) समितिको निर्णय समितिको सदस्य - सचिवले प्रमाणित गरी राख्नेछ।

(ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य-सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ।

विराटनगर महानगरपालिकाको स्थानीय राजपत्र

८. **कोषको प्रयोजन** : (१) बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालिन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(२) बाल कोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालन समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

९. <u>बाल कोषको खर्चका सीमा</u> : (१) बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालन समितिको निर्णयबाट खर्च गर्न सकिनेछ :-

(क) हिंसा पिडित बालबालिकालाई अधिकतम रु.१० हजारसम्मको घर फिर्ता तथा स्वास्थ्य उपचार सेवाका लागि,

(ख) हिंसा पिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजारसम्म,

(ग) जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एंव सामाजिक संरक्षण वापत प्रति बालबालिका अधिकतम रु. ५ हजारसम्म,



विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(घ) विशेष परिस्थितिका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सिमा कोष सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एंव प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन ।

१०. <u>प्रतिवेदन प्रकाशन गर्नु पर्ने</u> : समितिले आफुले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ र प्रदेशको सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ ।

११. <u>कोषको खाता सञ्चालन</u> : (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने 'क ' वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तिय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (क) बमोजिमको खाता सञ्चालनका लागि विराटनगर महानगरपालिकाको

विराटनगर महानगरपालिकाको स्थानीय राजपत्र

हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

१२. <u>कोषको लेखा र लेखा परिक्षण</u> : (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षणबाट हुनेछ ।

आज्ञाले,
राम प्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
विराटनगर महानगरपालिका ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र